# गन्यापधुरा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४ संख्याः१८ भाद्र २९ गते सोमवार, २०७७**


## भाग-२

## शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७७

कार्यपालिकावाट पारीत मितिः २०७७।०५।२४

**शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७७**

**प्रस्तावना:** श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र र श्री शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहगत र विद्यालयगत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटालाई शिक्षा ऐन,२०२८ को दफा ११ को उपदफा (५) को खण्ड (च) बमोजिमको दरबन्दी मिलान गर्न गन्यापधुरा गाउँ कार्यपालिकाको मिति २०७७/०५/०५ गतेको निर्णयानुसार शिक्षक दरबन्दी तथा व्यवस्थापन कार्यसमिति गठन गरी उक्त कार्यसमितिले तयार गरेको कार्यविधिका आधारमा आफ्नो तहको लागि यकीन भएको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने भनी भएको निर्णयलाई प्रकृयागत रुपमा सरल, सहज र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

गन्यापधुरा गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम: शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७७ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) " **ऐन**" भन्नाले शिक्षा ऐन,२०२८ सम्झनुपर्छ।

(ख) " **नियमावली**" भन्नाले शिक्षा नियमावली, २०५९ सम्झनुपर्छ।

(ग) " **मन्त्रालय**" भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(घ) " **केन्द्र**" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनुपर्छ।

(ङ) " **प्रदेश मन्त्रालय**" भन्नाले प्रदेश सरकार अन्तर्गतको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(च) " **इकाइ**" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनुपर्छ।

(छ) " **प्रमुख**" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइको प्रमुख सम्झनुपर्छ।

(ज) " **गाउँपालिका**" भन्नाले गन्यापधुरा गाउँपालिका सम्झनुपर्छ।

(झ) " **गाउँ कार्यपालिका**" भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ञ) " **कार्यसमिति**" भन्नाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि गठित समितिलाई सम्झनुपर्छ।

(ट) " **विद्यालय**" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

(ठ) " **दरबन्दी**" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी तथा राहत अनुदान समेतलाई जनाउँछ।

(ड) " **प्रधानाध्यापक**" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यपकको जिम्मेवारी लिएको शिक्षक सम्झनुपर्छ।

## परिच्छेद-२

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. शिक्षक दरबन्दी मिलान** : शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ :

(क) नियमावलीले पहाडको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसूची-१२ मा उल्लेख भएको विद्यालयमा रहनुपर्ने दरबन्दीको आधारमा शैक्षिक सत्र २०७६ सम्म अनलाईन प्रणालीबाट भरिएको शैक्षिक तथ्याङ्क तथा विद्यालयका विद्यार्थी सङ्ख्या र गाउँपालिकाको शिक्षकको मौजुदा अवस्था एवम् आवश्यकता पहिचानको आधारको रुपमा लिने।

(ख) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा साविकमा रहेका प्राथमिक तह (कक्षा १ देखि ५ सम्म), निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म), माध्यमिक तह (कक्षा ९ र १०) र उच्च माध्यमिक तह (कक्षा ११ र १२) लाई आधारका रुपमा लिने।

(ग) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहको दरबन्दी, राहत अनुदान समेतलाई गणना गर्ने।

(घ) गाउँपालिकामा प्राथमिक तहको दरबन्दी बचत भएको र निम्न माध्यमिक तथा माध्यमिक तहको दरबन्दी अपुग भएकाले आवश्यक सङ्ख्यामा दरबन्दी स्वीकृत हुन नसक्दासम्म नपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरबन्दीबाटै पूर्ति गर्ने।

(ङ) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्युनतम दरबन्दी सुनिश्चित गरी तहगत दरबन्दी मिलान गर्ने।

(च) दरबन्दी मिलान र व्यवस्थापन गर्दा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धनमा जोड दिन विद्यालयमा बढी भएको दरबन्दी गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा मिलान तथा पुनर्वितरण गर्ने।

(छ) विद्यालयको विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक सङ्ख्या बढी भएको अवस्थामा कुनै कारणबाट दरबन्दी रिक्त हुन आएमा दरबन्दी मिलान कार्य सम्पन्न नभएसम्म त्यस्ता विद्यालयले रिक्त पदपूर्ति नगर्ने।

## परिच्छेद-३

## पुलमा रहेको दरबन्दी व्यवस्थापन

४. **पुल दरबन्दी सम्बन्धी व्यवस्था**: दफा ३ बमोजिम पहाडमा ऐन तथा नियमावलीमा तोकिएको शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको प्राथमिक तहको पुल दरबन्दी सङ्ख्यालाई पुल दरबन्दीको रुपमा राख्ने।

५. **माथिल्लो तहमा गणना हुने पुल दरबन्दी** : दफा ४ बमोजिमको पुल दरबन्दीलाई सोही विद्यालय तथा गाउँपालिकाको निम्न माध्यमिक, माध्यमिक ( कक्षा ११ र १२ समेत) तहमा शिक्षक दरबन्दी अपुग भएको अवस्थामा त्यसरी बाँकी भएको पुल दरबन्दी मध्ये माथिल्लो तहमा आवश्यक हुने दरबन्दी समेतलाई गणना गर्ने।

६. **पुल दरबन्दी अन्यत्र पठाउने**: गाउँपालिकाले आफ्नो तहको लागि यकिन भएको दरबन्दी आफ्नो क्षेत्रको एक विद्यालयबाट अर्को विद्यालयमा मिलान गर्ने। त्यसरी मिलान गर्दा अपाङ्गता भएका र महिला शिक्षकलाई सम्भव भएसम्म घरपायक पर्ने गरी स्थानान्तरण गर्ने।

## परिच्छेद-४

## दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनका आधारहरु

७. **<u>विद्यालयमा दरबन्दी मिलानका आधारहरु</u>** : यस गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा प्राथमिक तहमा केही दरबन्दी पुलमा रहे तापनि निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत रुपमा दरबन्दी अपुग रहेकोले दफा ६ बमोजिम पुलमा रहेको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापन गर्ने :

(क) कक्षा १ देखि ३ सम्म सञ्चालित विद्यालयमा कम्तीमा दुई जना शिक्षक तर विद्यार्थी सङ्ख्या पच्चिस भन्दा कम भएको विद्यालयलाई हाल उपलब्ध भएको दरबन्दी नै उपलब्ध गराउने ।

(ख) कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयमा न्यूनतम तीन जना शिक्षक उपलब्ध गराउने तथा विद्यार्थी सङ्ख्या बढी भएको विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातको आधारमा थप दरबन्दी गराउने ।

(ग) कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा निम्न माध्यमिक तहमा विषयगत दरबन्दी अपुग भएमा वा विषयगत दरबन्दी नरहेको अवस्थामा थप एक प्राथमिक तहको दरबन्दी उपलब्ध गराउने ।

(घ) कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा प्राथमिक तहमा विद्यार्थी सङ्ख्या बढी भएमा शिक्षक विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गरी निम्न माध्यमिक तहमा विषयगत दरबन्दी अपुग भएमा वा विषयगत दरबन्दी नरहेको अवस्था भएमा थप एक प्राथमिक दरबन्दी उपलब्ध गराउने ।

(ङ) कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयमा प्राथमिक तहमा विद्यार्थी सङ्ख्या बढी भएमा शिक्षक विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गरी निम्न माध्यमिक तह र माध्यमिक तहमा विषयगत दरबन्दी अपुग भएमा वा विषयगत दरबन्दी नरहेको अवस्था भएमा थप एक प्राथमिक दरबन्दी उपलब्ध गराउने ।

(च) कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयमा माध्यमिक तहमा कुनै पनि दरबन्दी नभएको अवस्थामा थप एक प्राथमिक तहको दरबन्दी उपलब्ध गराइ दरबन्दी मिलान गर्ने ।

(छ) कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालयमा प्राथमिक तहमा विद्यार्थी सङ्ख्या बढी भएमा शिक्षक विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गरी निम्न माध्यमिक तह र माध्यमिक तहमा विषयगत दरबन्दी अपुग भएमा वा विषयगत दरबन्दी नरहेको अवस्था भएमा थप एक प्राथमिक दरबन्दी उपलब्ध गराउने ।

(ज) आधारभूत तथा माध्यमिक विद्यालयमा प्राथमिक तहको पुल दरबन्दी उपलब्ध गराउँदा वा शिक्षक व्यवस्थापन गर्दा विद्यालयको शिक्षकको मौजुदा अवस्था र विषयगत आवश्यकता पहिचानको आधारमा प्राथमिक तहको शिक्षकको माथिल्लो शैक्षिक योग्यता एवं चाहना समेतलाई आधार मानी दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिने ।

८. **शिक्षक व्यवस्थापनका आधारहरु** : दफा ७ बमोजिम दरबन्दी मिलान गर्दा दफा ६ बमोजिम पुल दरबन्दी अन्य विद्यालयमा स्थानान्तरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण तथा पदस्थापन गर्ने :

(क) पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म रिक्त रहेको राहत अनुदानलाई स्थानान्तरण गर्ने ।

(ख) राहत अनुदानलाई स्थानान्तरण गर्दा पनि पुल दरबन्दी बाँकी रहेमा रिक्त दरबन्दीलाई स्थानान्तरण गर्ने ।

(ग) पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्नुपर्ने विद्यालयमा कार्यरत शिक्षकहरुमध्ये दरबन्दी उपलब्ध गराइएको विद्यालयमा स्वेच्छिक रुपमा जान चाहेमा त्यस्ता शिक्षकहरुबाट निवेदन संकलन गरी प्राप्त निवेदन उपर छानविन गरी स्थानान्तरण गर्न मनासिव देखिएमा स्थानान्तरण गर्ने ।

(घ) दफा ८ (ग) बमोजिम निवेदन नदिएमा शिक्षकको स्थानान्तरण गर्दा क्रमश: राहत, करार र स्थायी शिक्षकलाई नियुक्ति मितिको आधारमा कनिष्ठताको क्रम निर्धारण गरी कनिष्ठबाट स्थानान्तरण गर्ने ।

(ङ) शिक्षकको स्थानान्तरण गर्दा महिला शिक्षकलाई सकेसम्म घरपायक पर्ने गरी स्थानान्तरण गर्ने ।

## परिच्छेद-५

## दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा गाउँपालिकाको भूमिका

दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनमा गाउँपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) मन्त्रालय तथा प्रदेश मन्त्रालयले गरेको दरबन्दी मिलानको कार्यमा सहयोग र सहजीकरण गर्ने ।

(ख) दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि इकाइ, गाउँपालिका तथा प्रदेश बीच आपसी सहयोग र समन्वय गर्ने ।

(ग) इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउने ।

(घ) गाउँपालिकाभित्र रहेका शिक्षक दरबन्दीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा तथा अन्य तहमा विषयगत आधारमा पुनर्वितरण गर्ने ।

(ङ) स्थानान्तरण गरिएको शिक्षकलाई यथाशाक्य छिटो रमाना दिई पठाउने तथा रमाना लिइ आउने शिक्षकलाई तोकिएको विद्यालयमा हाजिरीको लागि सहजीकरण गर्ने ।

(च) केन्द्रबाट वितरित दरबन्दी नपुग भएमा पछि अर्को व्यवस्था भएमा सोही अनुसार हुने गरी हाललाई शिक्षकको व्यवस्थापन गर्ने ।

(छ) केन्द्र, प्रदेश तथा इकाइले दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको लागि अनुरोध गरी आएका विषयवस्तुहरुमा सहयोग तथा सहजीकरण गर्ने ।

## परिच्छेद-६

## विविध

**९. दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने समयावधि:**

(क) गाउँपालिकाले २०७७ कार्तिक मसान्तभित्र यस कार्यविधिको आधारमा प्राथमिकता तोकी दरबन्दी मिलान तथा व्यवस्थापन गरि सक्नुपर्नेछ ।

(ख) गाउँपालिकाले शिक्षक दरबन्दी मिलानको प्रगति विवरण २०७७ कार्तिक मसान्तभित्र श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुरामा पठाइ सक्नुपर्नेछ ।

१०.**शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने** : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन् ।

११.**विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने** : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ । विद्यालयमा शिक्षकलाई हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित प्रधानाध्यापकको हुनेछ ।

१२.**सहयोग लिन सक्ने**: गाउँपालिकाले दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा आइपर्ने समस्या समाधानका लागि शिक्षा विकास तथा समन्वय इकाइको सहयोग लिन सक्नेछ ।

१३.**समन्वय र सहजीकरण गर्ने** : दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापनको सन्दर्भमा आफ्नो विद्यालयबाट दरबन्दी कट्टा हुने अवस्था आएमा वा आफ्नो विद्यालयमा शिक्षक स्थानान्तरण भई आएमा उक्त कार्यका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिले समन्वय र सहजीकरण गर्नु पर्नेछ । गाउँपालिकाभित्र गठित नेपाल शिक्षक महासंघ तथा शिक्षकको पेसागत संघसंगठनहरुले उक्त कार्यका लागि आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ ।

१४.**आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था** :

(१) स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुनगई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आवश्यकता अनुसार शैक्षिक सत्र शुरु हुनु अगावै दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्नेछ । नयाँ शैक्षिक सत्र शुरु हुँदाको वखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण गर्दा यस कार्यविधिमा उल्लेख भएको आधार र तरिका बमोजिम गर्नु पर्नेछ ।

१५.**बाझिएमा अमान्य हुने** : यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

आज्ञाले

दिलिप कुमार तामाङ

प्रमुख प्रशासकीय अधिकृत

गन्यापधुरा गाउँपालिका